नेपाल सरकार
रक्षा मन्त्रालय
**नेपाली सेना**

टेलिफोन नं.: ०१४४१३३४२/४४४३४००
फ्याक्स नं. : ०१४४१३३६७

उपत्यका पृतना हे.क्वा.
नारायणहिटी ।

प.सं.१४६५५/लेखा/रा.ठे./२१/०७४/७५/३० मिति:२०७४/०८/२५ गते ।

श्री जिमि ग्रुप प्रा.लि.,
बालुवाटार काठमाण्डौ ।

आशयको पत्र सम्बन्धमा

१. सम्बन्ध : प.सं. २३३७/फु.रा.क./१५/ठे/०७४/७५/७७, मिति २०७४/०८/२४ गते ।

२. श्री आपुर्ति तथा परिवहन निर्देशनालयको उपरोक्त सम्बन्ध पत्रबाट लेखि आए अनुसार यस पृतना हे.क्वा.र समूहमा आवद्ध काठमाण्डौ जिल्ला स्थित निर्देशनालय, विभाग, बाहिनी तथा अन्य युनिटहरुको लागी २०७४ साल माघ १ गते देखि २०७५ साल पौष मशान्त तक् वर्ष १ (एक) को लागी आवश्यक पर्ने राशन सामानहरुको ठेक्का बन्दोवस्त गर्नको निमित्त मिति २०७४/०६/२६ गते गरिएको बोलपत्र आव्हानको सूचना बमोजिम मिति २०७४/०७/२७ गते खोलुवा पश्चात मूल्यांकन समितिमा पेश भई छानविन हुंदा द.नं. ४ मा दर्ता भएको श्री जिमि ग्रुप प्रा.लि., बालुवाटार काठमाण्डौले साधारण तर्फ प्रति दिन प्रति जवान दर रु. १०७।५०३ का दरले (मु.अ.कर वाहेक) को वार्षिक कवोल अंक रु. ६१,२६,२४,३३६।४० (एकसट्ठि करोड छब्बिस लाख चौबिस हजार तिनसय छत्तिस र पैसा चालिस मात्र) र राष्ट्रिय निकुञ्ज तर्फ प्रति दिन प्रति जवान दर रु. १०९।१२८ का दरले (मु.अ.कर वाहेक) को वार्षिक कवोल रु. ५,१८,१३,११२।८१ (पाच करोड अठार लाख तेह्र हजार एक सय बाह्र र पैसा एकासी मात्र) समेत दुबै तर्फको कुल जम्मा वार्षिक (मु.अ.कर बाहेक) अंक रु. ६६,४४,३७,४४९।२१ (छैसट्ठि करोड चौवालिस लाख सैतिस हजार चारसय उनानपचास र पैसा एकाईस मात्र) उल्लेख भएको बोलपत्र न्यूनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही भएको हुंदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम स्वीकृत गर्ने आशयको सूचना जारी गर्नको लागि उक्त निर्देशनालय बाट लेखी आएको हुंदा यो आशय पत्र दिएको व्यहोरा जानकारीको लागी अनुरोध ।

३. साथै राशन ठेक्का स्वीकृत गर्ने आशयको सूचना सम्बन्धमा बोधार्थ तथा कार्यार्थमा उल्लेखित फर्महरुको कुनै गुनासा तथा उजुरीहरु भए आज मिति २०७४/०८/२५ गतेको मितिले ७ (सात) दिन भित्र स-प्रमाण सहित लिखित प्रतिवेदन गर्नुहुन समेत अनुरोध ।

(पूर्णबहादुर सिलवाल)
उपरथी
पृतनापति

बोधार्थ तथा कार्यार्थ:

श्री प्रधान सेनापतिको कार्यालय,
जंगी अड्डा ।
श्री प्रबन्धरथीको कार्यालय,
जंगी अड्डा ।
श्री आपुर्ति तथा परिवहन निर्देशनालय,
जंगी अड्डा ।
श्री ग्लोबल लजेष्टिक प्रा.लि,
थपाथली ।
श्री चागेस्थान प्रा.लि.,
काटमाण्डौ ।
श्री बुद्ध सप्लायर्स पिया टेडिङ्ग,
सितापाईला काठमाण्डौ ।
श्री अमात्य ईण्टरनेशनल प्रा.लि.,
काठमाण्डौ ।